निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# जिल्ला निर्वाचन कार्यालय

चरिकोट, दोलखा

पत्र संख्या : ०७९/०८०

चलानी नं : ८०

मिति :- २०७९/०७/०१

विषय :- नामावली टाँस तथा जानकारी सम्बन्धमा ।

**श्री जिल्लास्थित सरकारी कार्यालय सबै,**
**श्री स्थानीय तह सबै,**
**दोलखा ।**

प्रस्तुत विषयमा आगामी मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन अर्न्तगत समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनका लागि तहाँ कार्यालयमा रहेका कर्मचारीको अस्थायी मतदाता नामावलीमा नाम समावेश गराउने प्रयोजनको लागि तहाँ कार्यालयबाट प्राप्त भएका कर्मचारीहरुको विवरण अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ को उपदफा ३ बमोजिम प्रमुख नाम दर्ता अधिकारीले ऐनको दफा २० बमोजिम आयोगबाट तयार गरिएको अन्तिम मतदाता नामावलीसँग रुजु गरी अनुसूची-४ बमोजिमको ढाँचामा प्रारम्भिक अस्थायी मतदाता नामावली तयार गरी निर्वाचन कार्यालयमा प्रकाशन गुर्नपर्ने र त्यस्तो नामावली सम्बन्धित निकाय वा संस्थामा समेत पठाउनु पर्ने र सो दफाको उपदफा ४ बमोजिम प्राप्त भएको अस्थायी मतदाता नामावली सम्बन्धित निकाय वा संस्थाले सो नामावलीमा नाम भएका व्यक्तिहरुले देख्ने ठाँउमा टाँस गरी सोको मुचुल्का निर्वाचन कार्यालयमा पठाउनु पर्ने व्यवस्था भए बमोजिम तहाँ कार्यालयबाट प्राप्त विवरणहरु मध्ये रुजु भएका प्रारम्भिक अस्थायी मतदाता नामावली सूचना टाँसका लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै उक्त प्रारम्भिक मतदाता नामावलीमा नाम छुट भएमा, कुनै त्रुटि सच्याउन परेमा तथा दावी विरोध गर्न तपसिल बमोजिम कार्यक्रम रहेकाले सोको समेत जानकारी गराईदिहुन अनुरोध छ ।

**तपसिल**

| क.स. | विषय | मिति | | सम्पर्क कार्यलय |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | प्रारम्भिक अस्थायी मतदाता नामावलीमा नाम छुट भएका वा प्रकाशित विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाण सहित अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिने । | २०७९/०७/०२ | २०७९/०७/०३ | जिल्ला निर्वाचन कार्यालय, दोलखा |
| २ | संशोधित अस्थायी मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिको सम्बन्धमा दावी विरोधका लागि निवेदन पेश गर्ने । | २०७९/०७/०५ | २०७९/०७/०६ | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने । | २०७९/०७/१४ | | |

२०७९.०७.०१
शकुन्तला राई
जिल्ला निर्वाचन अधिकारी

सादर अवगतार्थ:
श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू (समिति संयोजक)
जिल्ला प्रशासन कार्यालय, दोलखा।


फोन नं. ०४९-४२१४४३ email: deo.dolakha@election.gov.np, deo.dolakha3@gmail.com

अनुसूची -२

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

<u>.............................. विषयको लागि सूचना प्रकाशित गरेको मुचुल्का</u>

आज मिति ........................ का दिन............... जिल्लाको प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/..........कार्यालय/निकायमा अस्थायी मतदाता नामावली तयार गर्ने कार्यक्रम/प्रारम्भिक/ संशोधित/ अन्तिम मतदाता नामावली प्रकाशित/टाँस गरिएको व्यहोरा ठीक साँचो हो भनी हामी तपसिल बमोजिमका व्यक्तिहरुले यो मुचुल्का गरिदियौं ।

<u>तपसिल</u> :

१. ..........................गा.पा./न.पा. वडा नं...... बस्ने वर्ष .......को श्री ...............................

२. ..........................गा.पा./न.पा. वडा नं...... बस्ने वर्ष .......को श्री ...............................

३. .......................... गा.पा/न.पा. वडा नं...... बस्ने वर्ष .......को श्री ...............................

मुचुल्का गराउने कर्मचारीको

नाम, थर :

सही :

पद :

मिति :

अनुसूची - ५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>अस्थायी मतदाता नामावलीमा नाम समावेश गर्न वा त्रुटि सच्याउन दिने निबेदन</u>

श्री प्रमुख नाम दर्ता अधिकारी,

................... कार्यालय ।

महोदय,

त्यस कार्यालयबाट मिति ................. मा प्रकाशित प्रारम्भिक अस्थायी मतदाता नामावलीमा मेरो नाम समावेश हुन छुट भएको/रहेको मेरो नाम विवरणमा त्रुटि रहेको हुँदा देहाय बमोजिम नाम समावेश गरिदिनुहुन/त्रुटि सच्याइदिनुहुन यो निवेदन पेश गरेको छु ।

<u>समावेश गर्नुपर्ने/त्रुटि सच्याई कायम हुनुपर्ने विवरण</u>

नाम, थर :

अन्तिम मतदाता नामावली नं. :

लिङ्ग :

जन्म मिति :

ना.प्र.प.नं./जिल्ला:

पिता/माताको नाम,थरः

पति वा पत्नीको नाम, थरः

कार्यरत/रहेको सरकारी कार्यालय/सैनिक वा प्रहरी व्यारेक/कारागार/वृद्धाश्रमको नामः ......................

ठेगानाः- जिल्ला.................गा.पा./न.पा.......वडा नं............

मतदाताको स्थायी ठेगानाः- जिल्ला.................गा.पा./न.पा.......वडा नं............

पेश गरेको प्रमाणः-

निवेदकको

सही :

मिति :

अनुसूची - ६

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

<u>अस्थायी मतदाता नामावलीमा दाबि विरोध गरी पेश गरेको निवेदन</u>

श्री प्रमुख नाम दर्ता अधिकारी,

................... कार्यालय

महोदय,

त्यस कार्यालयबाट मिति ................. मा प्रकाशित प्रारम्भिक/संशोधित अस्थायी मतदाता नामावलीमा नाम समाबेश गरिएका देहायका व्यक्तिको नाम उक्त अस्थायी मतदाता नामावलीमा देहायको आधारमा समावेश हुन नसक्ने भएको हुँदा निजको नाम उक्त अस्थायी मतदाता नामावलीबाट हटाउनको लागि यो दाबी बिरोधको निवेदन पेश गरेको छु ।

क) <u>नाम समावेश हुन नसक्ने व्यक्तिको विवरण</u>

नाम, थर : ............................ लिङ्ग :......... जन्म मिति :......................ना.प्र.प.नं./जिल्ला: ............

पिता/माताको नाम,थरः

पति वा पत्नीको नाम, थरः

कार्यरत/रहेको सरकारी कार्यालय/सैनिक वा प्रहरी व्यारेक/कारागार/वृद्धाश्रमको नामः ..........................

ठेगानाः- जिल्ला.................गा.पा./न.पा.......वडा नं............

मतदाताको स्थायी ठेगानाः- जिल्ला.................गा.वि.स./न.पा.......वडा नं............

ख) नाम समावेश हुन नसक्ने आधारः

ग) पेश गरेको प्रमाणः

निवेदक मतदाताको -

नाम, थर :

सही :

ठेगाना :

मतदाता नामावलीको विवरणः

मिति :